# सुचनाको हक सम्वन्धि ऐन ,२०६४ को दफा ५ को उप दफा (३) तथा सुचनाको हक सम्वन्धि नियमावली २०६५ को नियम ३ को प्रयोजनार्थ सार्वजनिक गरिएको विवरण:

**( आर्थिक वर्ष २०८२/०८३**




कर्णाली प्रदेश सरकार

उद्योग पर्यटन,वन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

दैलेख , नेपाल

# विषय – सुची

| क्र. सं. | विषय | कैफियत |
|---|---|---|
| १ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको स्वरूप र प्रकृति | |
| २ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको काम, कर्तव्य र अधिकार | |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | |
| ४ | निकायवाट प्रदान हुने सेवा | |
| ५ | निकायका शाखाहरु र जिम्मेवार अधिकारी | |
| ६ | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकार | |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | |
| ९ | सम्पादन गरेको कामको विवरण | |
| १० | कार्यालय प्रमुख र सूचना अधिकारी | |
| ११ | ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाको विवरण | |
| १२ | आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धि अद्यावधिक विवरण | |
| १३ | कार्यालयको वेवसाइट तथा सम्पर्क विवरण | |
| १४ | सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विषय | |
| १५ | कार्यसम्पादन संग सम्वन्धित केहि तस्विरहरु | |

**सुचनाको हक सम्वन्धि ऐन , २०६४ को दफा ५ को उप दफा (३) तथा सुचनाको हक**

## सम्वन्धि नियमावली २०६५ को नियम ३ को प्रयोजनार्थ

## सार्वजनिक गरिएको विवरण :

**आर्थिक वर्ष २०८२/०८३**

**( २०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्त सम्मको )**

## १. उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको स्वरूप र प्रकृति :

लघु,घरेलु तथा साना उद्योगको विकास,विस्तार र प्रवर्धन मार्फत रोजगारीको अवसर सिर्जना गरि आयआर्जन तथा आर्थिक क्रियाकलापमा वृद्धि गर्ने,उधोग वाणिज्य प्रशासन सम्वन्धि प्रशासनिक कार्य गर्ने र आम उपभोक्ताहरुको उपभोक्ता हित संरक्षण एवम् उपभोक्ता अधिकार सम्वन्धि संस्थागत रुपमा सेवा सुविधा सहयोग उपलव्ध गराउने उदेश्यका साथ स्थापना भएको साविकको घरेलु तथा साना उधोग विकास समिति शाखा कार्यालय दैलेखको नामवाट परिचित यो कार्यालय नेपाल सरकार र कर्णाली प्रदेश सरकारको निर्णय वमोजिम विक्रम सम्वत २०७४/११/०३ मा कर्णाली प्रदेश सरकार अन्तर्गत प्रदेशमा उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रालयको स्थापना भइ प्रदेश सरकारको यसै मन्त्रालय मातहतको जिल्ला स्थित एक कार्यालयको रुपमा यो उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको स्थापना भएको हो । कर्णाली प्रदेश सरकार उधोग,पर्यटन,वन तथा वातावरण मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरु वाट प्रदान गर्ने सेवा सुविधालाई अझबढी प्रभावकारी रुपमा सम्पादन तथा संचालन गर्न प्रदेशका १० वटै जिल्लामा एक वटा निर्देशनालय र बाँकि ९ वटा जिल्लामा कार्यालयहरु मार्फत आफ्नो उपस्थिति गराई लघु,घरेलु तथा साना उधोगको विकास,विस्तार र प्रवर्धन मार्फत रोजगारीको अवसर सिर्जना गरि आयआर्जन तथा आर्थिक क्रियाकलापमा वृद्धि गर्ने,उधोग वाणिज्य प्रशासन सम्वन्धि प्रशासनिक कार्य गर्ने,आम उपभोक्ताहरुको उपभोक्ता हित संरक्षण एवम् उपभोक्ता अधिकार सम्वन्धि विभिन्न कार्यहरु गर्ने उधमी व्यवसायीलाई प्रविधि तथा प्राविधिक सहयोग गर्ने र उधोग व्यवसायको व्यवस्थापकीय क्रियाकलापहरुमा सहयोग गर्ने जस्ता आदि कार्यहरु उधोग पर्यटन वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेशको प्रतिनिधि कार्यालयको रुपमा जिल्लामा यस कार्यालयले साल वासाली रुपमा उक्त क्रियाकलापहरु सम्पादन गर्दै आइ रहेको छ ।

## २. उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको काम, कर्तव्य र अधिकार

नेपाल सरकार र प्रदेश सरकारले उद्योग बाणिज्य प्रशासन तथा उपभोक्ता संरक्षण तथा अधिकार एवम अन्य सम्बन्धीत कार्यसम्पादन गर्न निर्माण गरेका ऐन नियम कानुन नियमावली , कार्यबिधिहरु (संघिय औद्योगिक व्यवसाय ऐन २०७६, संघिय औद्योगिक व्यवसाय नियमावली २०७८, संघिय प्राइभेट फर्म रजिष्टेशन ऐन २०१४ संघिय प्राइभेट फर्म रजिष्टेशन नियमावली २०३४ (संशोधन २०७८ , संघिय साझेदारी फर्म रजिष्टेशन ऐन २०२० कम्पनी ऐन २०६३ , प्राइभेट फर्म सम्बन्धी मापदण्ड २०७१ , सघिय वातावरण संरक्षण ऐन २०७६ , संघिय स्टाण्डर्ड नाप तौल ऐन २०२५,प्रदेश औद्योगिक व्यवसाय ऐन २०७८ , प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ , प्रदेश ब्यापार व्यवसाय (दर्ता तथा संचालन ) ऐन२०७८ , प्रदेश ब्यापार व्यवसाय (दर्ता तथा संचालन ) नियमावली २०८० , प्रदेश वातावरण संरक्षण ऐन २०७७ , प्रदेश वातावरण संरक्षण नियमावली २०७७ लगायत यस कार्यालय संग सम्वन्धित अन्य ऐन नियम अनुसार उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको काम, कर्तव्य र अधिकार देहाए वमोजिम रहेको छ ।

१. जिल्लामा लघु, घरेलु तथा साना उद्योगको विकास विस्तार र प्रबर्धनमा सहयोग पु–याउने ।

२. उद्यम विकासको माध्यमबाट गरिवी निवारणमा सहयोग पु–याउने ।

३. स्थानीय स्तरमा छरिएर रहेको श्रोत र साधनको अधिकतम परिचालन गरी रोजगारीको अवसर श्रृजनामा जोड दिईआर्थिक कारोवारमा सहयोग पु–याउने।

४. जिल्लामा सम्भाव्य उद्योगको पहिचान गरी उद्योग स्थापनामा जोड दिने ।

५. उद्योग प्रशासन सम्बन्धि दर्ता, नबिकरण आदि अनुगमन निरीक्षण नियमनको कार्य गर्ने ।

६. वाणिज्य प्रशासन सम्बन्धि सेवाहरु सहज र सरल रुपमा सेवाग्राहीहरुलाई प्रदान गर्ने र नियमन गर्ने ।

७. स्थानीय स्तरको माग तथा आवश्यकता अनुसार विभिन्न विषयको प्राविधिक सीप विकास तालीम प्रदान गर्ने ।

८. उद्योग स्थापना तथा प्रबर्धनका लागि प्राविधिक तथा परामर्श सेवा प्रदान गर्ने ।

९. उपयुक्त प्रविधि पहिचान गरी उद्यमीहरुलाई छुट दरमा उपलब्ध गराउने ।

१०. उद्यमीको आवश्यकता अनुसार स्तरउन्नती सम्बन्धि तालीम दिने ।

११. औद्योगिक भ्रमण तथा प्रदर्शनीको आयोजना गरी उद्यमीहरुलाई सम्मान तथा पुरस्कृत गर्ने

१२. उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी प्रशासनिक कार्य सम्पादन गर्ने ।

१३. उद्यमीहरुको उत्पादनको बजार प्रबर्धनको लागि कोसेली घर सौगात गृह स्थापनामा सहयोग पु–याउने ।

१४. उद्योग प्रबर्धनका अन्य गति विधिहरु संचालन गर्ने ।

१५. उद्यमी व्यवसायहरुका लागी तत्काल सिप विकास कार्यक्रम, व्यवस्थापन तालीम कार्यक्रमहरु संचालन गर्ने ।

१६. बजा र अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने नियमन गर्ने

१७. उपभोक्ता हित संरक्षण सम्वन्धिका कार्यक्रमहरु संचालन गर्ने नियमन गर्ने


**३ .कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

| **क्र.स** | **कर्मचारीको नाम, थर** | **पद** | **श्रेणी / तह** | **कैफियत** |
|---|---|---|---|---|
| १ | श्री शंकर वहादुर थापा | कार्यालय प्रमुख | रा.प.तृतीय/७औं तह | |
| २ | श्री गोविन्द वहादुर खत्री | प्रशासकीय अधिकृत | अधिकृत छैटौं | |
| ३ | श्री प्रेम बहादुर बिष्ट | प्रशासकीय अधिकृत | अधिकृत छैटौं | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री तारा थापा | सहायक चौथो (लेखा ) | सहायक चौथो | |
| ५ | श्री खेमराज बिष्ट | सहायक चौथो (प्रशासन) | सहायक चौथो | |
| ६ | श्री रमेश कुमार थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| ७ | श्री युवराज घले | कार्यालय सहयोगी | श्रेणी विहिन | सेवा करार |
| ८ | श्री रन कुमारी थापा | ब.उद्यमविकास सहजकर्ता | – | सेवा करार |
| ९ | श्री खम्विरा के सी | कम्प्युटरअपरेटर | - | सेवा करार |
| १० | श्री कल्पना कटुवाल | कम्प्युटर अपरेटर | - | सेवा करार |
| ११ | श्री यामराज वोहरा | कार्यालय सहयोगी | - | सेवा करार |

**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको सांगठानिक संरचना**

**कार्यालयको सांगठनिक संरचना**




**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको स्वीकृत दरवन्दी विवरण :**

| **क्र.सं.** | **पद** | **स्वीकृत दरबन्दी** | **पद पुर्तीको अवस्था** |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख अधिकृत ७/८ | १ | पुर्ति |

| | | | |
|---|---|---|---|
| | प्रशासन | | |
| २ | सहायक/अधिकृत ५/६ प्रशासन | २ | पुर्ति |
| ३ | सहायक ४/५ प्रशासन | १ | पुर्ति |
| ४ | लेखा सहायक ४/५ लेखा | १ | पुर्ति |
| ५ | कार्यालय सहयोगी प्रशासन | २ | पुर्ति |

**३. निकायवाट प्रदान हुने सेवा :**

लघु , घरेलु तथा साना उद्योगको विकास,विस्तार र प्रवर्धन मार्फत रोजगारीको अवसर सिर्जना गरि आयआर्जन तथा आर्थिक क्रियाकलापमा वृद्धि गर्ने,उधोग वाणिज्य प्रशासन सम्वन्धि प्रशासनिक कार्य गर्ने र आम उपभोक्ताहरुको उपभोक्ता हित संरक्षण एवम् उपभोक्ता अधिकार सम्वन्धि संस्थागत रुपमा सेवा सुविधा सहयोग उपलव्ध गराउने कार्य यस कार्यालयका प्रमुख सेवाहरु हुन । उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखले प्रदान गर्ने सेवाहरु सम्वन्धि नागरिक वडा पत्र देहाए वमोजिम रहेको छ ।

**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखको**

**नागरिक – वडा पत्र**

| सि. नं. | सेवाको प्रकार | आवस्यक कागजात (कार्यविधि) | सेवा प्रदान गर्न लाग्ने अनुमानित समय | सेवा प्रवाह हुने फाँट | जिम्मेवार व्यक्ति | उजुरी/गुनासो सुन्नेअधिकारी |
|---|---|---|---|---|---|---|
| १ | उधोग दर्ता<br>**(रु ३००००० पुजि भन्दा माथि)** | क) उद्योग दर्ताको दरखास्त फारम<br>ख) नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि<br>ग) अनुमति लिनुपर्ने उधोगको हकमा अनुमति पत्र र स्किम / व्यवसायिक योजना<br>घ) आइ.ई. ई / ई.आइ.ए गराउनु पर्ने उधोगको हक हकमा आइ.ई. ई / ई.आइ.ए स्वीकृति पत्र र स्किम व्यवसायिक योजना<br>ङ) दुरी प्रमाणित , अन्य निकायको सिफारिस , वा<br>प्रतिक्रिया , सार्वजनिक चार किल्ला मुचुल्का , जग्गाधनी प्रमाण–पुर्जाको प्रतिलिपि ,कवुलियतनामा जग्गाको नक्सा , आदि आवस्यक पर्ने उधोगको हकमा त्यस्तो प्रमाणित कागजात वा सिफारिस<br>च) तोकिएको राजस्व तिरेको रसिद<br>छ) साझेदारी उधोग दर्ता गर्नुपरेमा साझेदारहरु वीचको सर्त तथा कवुलियतनामा | सम्पूर्ण कागजातहरु पेश भइ आएमा सोहि दिन | उधोग प्रशासन शाखा कोठा नं. ५ | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ज) पासपोर्ट साइजको फोटो ३ प्रति | | | | |

| सि. नं. | सेवाको प्रकार | आवस्यक कागजात (कार्यविधि) | सेवा प्रदान गर्न लाग्ने अनुमानित समय | सेवा प्रवाह हुने फाँट | जिम्मेवार व्यक्ति | उजुरी/गुनासो सुन्नेअधिकारी |
|---|---|---|---|---|---|---|
| २ | वाणिज्य (व्यापार व्यवसाय) दर्ता (**रु. १०,००,००० ) पुँजी भन्दा माथि** | क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि<br>ख) पासपोर्ट साइजको फोटो ३ प्रति<br>ग) जग्गाको राजस्व तिरेको रसिद<br>घ) साझेदारी उधोग दर्ता गर्नुपरेमा साझेदारहरु वीचको सर्त तथा कवुलियतनामा<br>ङ) सम्वन्धित वडा कार्यालयको सिफारिस | सम्पूर्ण कागजातहरु पेश भइ आएमा सोहि दिन | उधोग प्रशासन शाखा कोठा नं. ५ | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |
| ३ | उद्योग तथा वाणिज्य फर्म नवीकरण | क) सम्वन्धित फर्मको प्रोपराइटरको निवेदन<br>ख) गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि<br>ग) गत आ.व. को वार्षिक आय/व्यय को विवरण | सम्पूर्ण कागजातहरु पेश भइ आएमा सोहि दिन | उधोग प्रशासन शाखा कोठा नं. ५ | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |
| ४ | उद्योग ठाउँसारी नामसारी | क) ठाउँसारीका लागी आवस्यक कागजातहरु<br>१) निवेदनका साथ उधोग दर्ताका लागि आवस्यक पर्ने माथि उल्लेखित सम्पूर्ण कागजातहरु<br>२) अनुमति लिनुपर्ने उधोगको हकमा अनुमति पत्र र स्किम / व्यवसायिक योजना<br>३) आइ.ई. ई / ई.आइ.ए गर्नुपर्ने उधोगको हकमा सम्वन्धित मत्रालयको ठाउँ परिवर्तन गर्ने अनुमति पत्र<br>ख) नामसारीका लागि आवस्यक कागजातहरु<br>१) नामसारी गरि लिन चाहाने व्यक्तिको निवेदन<br>२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि<br>३) साविकवालाले हकछोड पत्र गरिदिएको कागज (कार्यालयमा उपश्थित भइ सनाखत गर्नुपर्ने )<br>४) छोडपत्र सनाखत गर्न उपस्थित हुन नसके अधिकृत वारेसनामा<br>५) राजस्व कार्यालयको सकारात्मक प्रतिक्रिया<br>६) अनुमति लिनुपर्ने उधोगको हकमा अनुमति पत्र र स्किम / व्यवसायिक योजना<br>७) मृत्युको कारणवाट नामसारी हुने भएमा नाता प्रमाणित मृत्यु दर्ता प्रमाण-पत्र हकवालाको मन्जुरीनामा र वडा सर्जमिन मुचुल्का<br>८) तोकिएको राजस्व तिरेको रसिद | सम्पूर्ण कागजातहरु पेश भइ आएमा सोहि दिन | उधोग प्रशासन शाखा कोठा नं. ५ | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |
| ५ | वाणिज्य फर्मको ठाउँसारी नामसारी | क) ठाउँसारीका लागी आवस्यक कागजातहरु<br>१) कारण खुलेको निवेदन | सम्पूर्ण कागजातहरु पेश भइ आएमा सोहि | उधोग प्रशासन शाखा कोठा नं. | सम्वन्धित फाँट | कार्यालय प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २) गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि<br>३) व्यक्ति स्वयमको घर जग्गामा व्यवसायिक फर्म भए सम्वन्धित व्यक्तिको जग्गाधनि प्रमाण-पुर्जा तथा नागरिकताको प्रतिलिपि<br>४) अन्य व्यक्तिको घर जग्गामा व्यवसाय रहे भएको भए सम्वन्धित व्यक्ति संग घर भाडामा लिए/दिएको सम्झौता पत्र<br>ख) नामसारीका लागि आवस्यक कागजातहरु<br>१) नामसारी गरि लिन चाहाने व्यक्तिको निवेदन<br>२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि<br>३) साविकवालाले हकछोड पत्र गरिदिएको कागज (कार्यालयमा उपश्थित भइ सनाखत गर्नुपर्ने ) | दिन | ५ | प्रमुख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४) छोडपत्र सनाखत गर्न उपस्थित हुन नसके अधिकृत वारेसनामा<br>५) राजस्व कार्यालयको सकारात्मक प्रतिक्रिया<br>६) मृत्युको कारणवाट नामसारी हुने भएमा नाता प्रमाणित , मृत्यु दर्ता प्रमाण-पत्र हकवालाको मन्जुरीनामा र वडा सर्जमिन मुचुल्का<br>७) तोकिएको राजस्व तिरेको रसिद | | | | |
| ६ | पुँजी थप, नाम परिवर्तन , उदेश्य थप, एवम् क्षमता वृद्धि आदि | क) वाणिज्य फर्मको हकको<br>१) कारण खुलेको निवेदन<br>२) गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि<br>३ निवेदन दस्तुर रसिद<br>ख) उधोगको हकमा<br>१) अनुमति लिनुपर्ने उधोगको हकमा अनुमति -पत्र<br>२) दरखास्त फाराम ‘’ क ‘’ र संशोधित स्किम/ व्यवसायिक योजना<br>३) कारण खुलेको निवेदन<br>४) गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि<br>५) निवेदन दस्तुर रसिद | | | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |
| ७ | परामर्श सेवा | उधमिको आवस्यकता अनुससार मेशिन उपकरण | स्वीकृत कार्यक्रम वजेट | कार्यक्रम तथा | सम्वन्धि | कार्यालय प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जडान, मर्मत सम्भार , वजार पक्ष , व्यवस्थापकीय पक्ष , र प्राविधिक पक्ष आदिको वारेमा जानकारी सरसल्लाह लिन चाहेमा मौखिक वा लिखित निवेदन | र उधमिको मागको प्रकृति अनुसार | योजना शाखा | त फाँट प्रमुख | |
| ८ | उद्यम र उधमशिलता ( उधोग प्रवर्धन ) | उदामशिलता विकास तालिम , प्राविधिक सिप विकास तालिम , प्रविधि हस्तान्तरण र लघु कर्जामा पहुँचका विषयमा आवस्यक सेवा लिनका लागि निबेदनको साथमा सम्वन्धित निकायको सिफारिस सम्भाव्यता अध्ययन प्रतिवेदन र अन्य कार्यालयले पटक पटक सूचना प्रकाशन माग गरेका आवस्यक कागजातहरु | आवस्यकता र माग प्राप्त सूचना अनुसार | कार्यक्रम तथा योजना शाखा | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |
| ९ | वजारअनुगन र उपभोक्ता हित संरक्षण र अधिकार | जिल्ला स्थित मुख्य मुख्य वजार अनुगमन निरीक्षण ,सचेतनामुलक कार्यक्रम संचालन र जिल्ला प्रशासन कार्यालय स्थानीय तह संग समन्वय साझेदारी | आवस्यकता र माग प्राप्त सूचना अनुसार | उधोग वाणिज्य प्रशासन शाखा | सम्वन्धित फाँट प्रमुख | कार्यालय प्रमुख |

**निजि तथा साझेदारी फर्म (उद्योग व्यवसाय र व्यापारिक फर्म दुवै ) दर्ता ,नविकरण र शाखा कायम गर्दा लाग्ने दस्तुर :**

| क्र.सं. | पुँजीको सिमा | प्राइभेट फर्म दर्ता दस्तुर | प्राइभेट फर्म नवीकरण दस्तुर | | | | | साझेदार फर्म दर्ता नवीकरण दस्तुर | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३५ दिन भित्र | अवधि समाप्त भएको दिन देखि ३ महिना सम्म | अवधिसमाप्त भएकोदिन देखि १ वर्ष सम्म | अवधि समाप्त भएकोदिनदेखि ५ वर्ष सम्म | अवधि समाप्त भएकोदिनदेखि १० वर्ष सम्म | दर्ता दस्तुर | नवी करण दस्तुर |
| १ | ५ लाख सम्म | ५०० | ५० | १००० | १५०० | २००० | २५०० | ५०० | ५० |
| २ | ५-१० लाख सम्म | १००० | १०० | २००० | ३००० | ४००० | ५००० | १००० | १०० |
| ३ | १०-२५ लाख सम्म | २००० | २०० | ४००० | ६००० | ८००० | १०००० | २००० | २०० |
| ४ | २५-५० लाख सम्म | ५००० | ५०० | १०००० | १५००० | २०००० | २५००० | ५००० | ५०० |
| ५ | ५०- १ करोड सम्म | १०००० | १००० | २०००० | ३०००० | ४०००० | ५०००० | १०००० | १००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १– ५ करोड सम्म | १२००० | १२०० | २४००० | ३६००० | ४८००० | ६०००० | १२००० | १२०० |
| ७ | ५–१० करोड सम्म | १७००० | १७०० | ३४००० | ५१००० | ६८००० | ८५००० | १७००० | १७०० |
| ८ | १० करोड माथि सबै | २५००० | २५०० | ५०००० | ७५००० | १००००० | १५०००० | २५००० | २५०० |
| **महिला, दलित, विपन्न पिछडिएका,अपाङ्ग** | | | | **दर्ता र नवीकरण दस्तुरमा ५० % छुट** | | | | | |

**नोट:**

**१.** साझेदारी फर्म नवीकरण गराउन चाहने साझेदारले आर्थिक वर्ष भुक्तान भएको मितिले ३५ दिन भित्र फर्म नविकरणका लागि दरखास्त दिन सकिने छ । तोकिएको अवधिमा फर्म नबिकरण नगरेमा प्रत्येक वर्षको लागी लाग्ने नवीकरण दस्तुर को दोब्बर दस्तुर वरावरको विलम्व दस्तुर तिरी नवीकरण गर्ने मिति व्यतित भएको ५ वर्ष भित्र साझेदारी फर्म नवीकरणका लागी दरखास्त दिन सकिने छ ।

**२.** साझेदारी फर्मको हकमा नवीकरण दरखास्त दस्तुर रु. ५००/– लाग्ने ।

**विवरण हेरफेर दस्तुर :**

| क्र. सं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | पुँजी वृद्धि | पुँजीको सिमा अनुसार वृद्धिभएको सीमामा लाग्ने वरावरको दस्तुर | |
| २ | ठाउँसारी | रु. ५०० | |
| ३ | नामसारी | रु. ५०० | |
| ४ | नाम परिवर्तन | रु. ५०० | |
| ५ | कारोवार थपघट परिवर्तन | रु. ५०० | |
| ६ | प्रतिलिपि | रु. ५०० | |

| | | | |
|---|---|---|---|
| ७ | खारेजी (लगत कट्टा ) | रु. १०० | |
| ८ | शाखा दर्ता दस्तुर | रु. ५०० | |

**कुन कोठामा के काम हुन्छ ?**

| कोठा नं. | काम हुने विवरण |
|---|---|
| १ | कार्यालय प्रमुखको कार्य कक्ष |
| २ | आर्थिक प्रशासन शाखा – लेखा सम्वन्धिका सबै कार्यहरु |
| ३ | उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन शाखा – कार्यक्रम,योजना , अनुगमन , तालिम , प्राविधिक परामर्श , बजार अनुगमन , उपभोक्ता अधिकार र संरक्षण सम्वन्धि कार्यहरु |
| ४ | जिन्सी शाखा – जिन्सी स्टोर सम्वन्धि कार्यहरु |
| ५ | प्रशासन,उधोग प्रबर्धन तथा बाणिज्य शाखा– उधोग दर्ता, व्यापार व्यवसाय फर्म दर्ता, नवीकरण ,पुँजीवृद्धि, नामसारी , ठाउँसारी आदि उधोग वाणिज्य सम्वन्धिका प्रशासनिक कार्यहरु |
| ६ | प्रशासन,उधोग प्रबर्धन तथा बाणिज्य शाखा– दर्ता चलानी, कर्मचारी प्रशासन, शोधपुछ, सेवाग्राही सहायता , वजार अनुगमन र उधोग प्रवर्धनका कार्यहरु |

**५. निकायका शाखाहरु र जिम्मेवार अधिकारी :**

| क्र.सं. | शाखा | जिम्मेवार कर्मचारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक प्रशासन शाखा | तारा थापा | लेखा सहायक चौथो | |
| २ | उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन कार्यक्रम,योजना शाखा | प्रेम बहादुर बिष्ट | प्रशासकिय अधिकृत | |
| | | रन कुमारी थापा | उद्यम विकास सहजकर्ता | |
| ३ | जिन्सी शाखा | गोविन्द वहादुर खत्री | प्रशासकीय अधिकृत | |
| ४ | उद्योग वाणिज्य शाखा | खेमराज बिष्ट | प्रशासन सहायक चौथो | |
| | | कल्पना कटुवाल | कम्प्युटर अपरेटर | |
| | | यामराज बोहरा | कार्यालय सहयोगी | |
| ५ | प्रशासन,उद्योग प्रबर्धन तथा बाणिज्य शाखा | प्रेम वहादुर बिष्ट | प्रशासकीय अधिकृत | |
| | | खम्विरा के.सी. | कम्प्युटर अपरेटर | |

| | | | | |
|---|---|---|---|---|
| | | रमेश कुमार थापा | कार्यालय सहयोगी | |
| | | युवराज घले | कार्यालय सहयोगी | |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस कार्यालयवाट प्रदान गरिने सेवाको प्रकृति अनुसार लाग्ने दस्तुर माथि क्रम संख्या ४ मा बृस्तीत रुपमा उल्लेख गरिएको छ । साथै कार्यालयको सुचना पाटी संगै र कार्यालयको वेवसाइटमा समेत राखिएको छ ।

**७.निर्णय गर्ने प्रक्रिया र अधिकार :**

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया :**

सुशासन ( व्यवस्थापन तथा संचालन ऐन ) – २०६४ तथा नियमावली २०६५ , सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका –२०६५, सुचनाको हक सम्वन्धि ऐन –२०६४ , संघिय औद्योगिक व्यवसाय ऐन २०७६ संघिय औद्योगिक व्यवसाय नियमावली २०७८, संघिय प्राइभेट फर्म रजिष्टेशन ऐन २०१४, संघिय प्राइभेट फर्म रजिष्टेशन नियमावली २०३४ संशोधन २०७८ , संघिय साझेदारी फर्म रजिष्टेशन ऐन २०२०, कम्पनी ऐन २०६३ , प्राइभेट फर्म सम्बन्धी मापदण्ड २०७१ सघिय वातावरण संरक्षण ऐन २०७६ , संघिय स्टाण्डर्ड नाप तौल ऐन २०२५ , प्रदेश औद्योगिक व्यवसाय ऐन २०७८ प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ , प्रदेश ब्यापार व्यवसाय (दर्ता तथा संचालन ) ऐन२०७८ , प्रदेश ब्यापर व्यवसाय (दर्ता तथा संचालन ) नियमावली २०८० , प्रदेश वातावरण संरक्षण ऐन २०७७ , प्रदेश वातावरण संरक्षण नियमावली २०७७) लगायत प्रचलित अन्य ऐन नियम अनुसार निर्णय गर्ने ।

**निर्णय गर्ने अधिकारी :**

- **कार्यालय प्रमुख**
- **प्रशासकीय अधिकृतहरु** ( कार्यालय प्रमुखले अधिकार प्रत्यायोजनगरेवमोजिम )

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

**– कार्यालय प्रमुख श्री शंकर वहादुर थापा ( कार्यकक्ष – कोठा नं. १ – मोबाइल नं. ९८५८०३०१३६ )**

**– सूचना अधिकारी / शाखा अधिकृत श्री परशुराम आचार्य ( कार्यकक्ष – कोठा नं. ३ – मोबाइल नं. ९८५८०८०१३६ )**

– प्रचलित कानुन वमोजिम उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेखले सम्पादन गरेका कार्यका सम्वन्धमा परेका निवेदन , उजुरी र निर्णय सुन्ने अधिकारी कार्यालय प्रमुख वा अधिकार प्रत्यायोजन गरि तोकिएका अन्य पदाधिकारी ।

**९. सम्पादन गरेको कामको विवरण :**

**( २०८२ श्रावण देखि २०८३ असार मसान्त सम्म )**

| **क्र.सं.** | **सम्पादन गरेको कामको विवरण** | **सम्पादित कामको परिमाण** | **जम्मा** | **कैफियत** |
|---|---|---|---|---|
| १ | उद्योग व्यवसाय फर्म दर्ता | १६७ | १६७ | |
| २ | वाणिज्य ( व्यापार व्यवसाय ) फर्म दर्ता | ५२ | ५२ | |
| ३ | उद्योग व्यवसाय फर्म नवीकरण | ४४४ | ४४४ | |
| ४ | वाणिज्य ( व्यापार व्यवसाय ) फर्म नवीकरण | ४६ | ४६ | |
| ५ | उद्योग व्यवसाय फर्म सम्वन्धि नामसारी , ठाउँसारी , पुँजीवृद्धि , क्षमतावृद्धि , उदेश्य थप , उदेश्य परिवर्तन खारेजी आदि अन्य काम | १४३ | १४३ | |
| ६ | वाणिज्य (व्यापार व्यवसाय) फर्म सम्वन्धि नामसारी , ठाउँसारी , पुँजीवृद्धि , क्षमतावृद्धि , उदेश्य थप , उदेश्य परिवर्तन खारेजी आदि अन्य काम | ४९ | ४९ | |
| ७ | बजार अनुगमन कार्य | ७ | ७ | |
| ८ | अन्य उद्योग प्रवर्धन कार्यक्रम | | | |

**१०. कार्यालय प्रमुख र सूचना अधिकारी :**

**कार्यालय प्रमुख :–** श्री शंकर बहादुर थापा ( कार्यकक्ष – कोठा नं. १ – मोबाइल नं ९८५८०३०१३६ , **इमेल ठेगाना :–**skthapa204@gmail.com

**सूचना अधिकारी / गुनासो सुन्ने अधिकारी** :-शाखा अधिकृत श्री प्रेम बहादुर बिष्ट ( कार्यकक्ष - कोठा नं. ६ - मोबाइल नं. ९८५८०८०१३६, इमेल ठेगाना :-

**११. ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाको विवरण :**

- संघिय औद्योगिक व्यवसाय ऐन २०७६
- संघिय औद्योगिक व्यवसाय नियमावली २०७८
- संघिय प्राइभेट फर्म रजिष्टेशन ऐन २०१४
- संघिय प्राइभेट फर्म रजिष्टेशन नियमावली २०३४ (संशोधन २०७८
- संघिय साझेदारी फर्म रजिष्टेशन ऐन २०२०
- कम्पनी ऐन २०६३
- प्राइभेट फर्म सम्बन्धी मापदण्ड २०७१
- सघिय वातावरण संरक्षण ऐन २०७१
- संघिय स्टाण्डर्ड नाप तौल ऐन २०२५
- प्रदेश औद्योगिक व्यवसाय ऐन २०७८
- प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९
- प्रदेश ब्यापर व्यवसाय (दर्ता तथा संचालन ) ऐन२०७८
- प्रदेश ब्यापर व्यवसाय (दर्ता तथा संचालन )नियमावली२०८०
- प्रदेश वातावरण संरक्षण ऐन २०७७
- प्रदेश वातावरण संरक्षण नियमावली २०७७
- मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम संचालन नियमावली - २०८०
- वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि - २०८१
- नदि तथा खानिजन्न्य श्रोत उत्खनन , संकलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि २०७८

- सिप विकास तालिम तथा रोजगार विकास कार्यक्रम संचालन दिग्दर्शन – २०७८
- उधमशिलता विकास तालिम कार्यक्रम संचालन दिग्दर्शन – २०७८
- कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका – २०७५

**१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धि अद्यावधिक विवरण :**

**आ ब २०८२।०८३ बित्तिय तथा भौतिक कार्यप्रगति**

| बजेट उपशीर्षकको नाम | वित्तीय प्रगति | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|
| 1. सिप बिकास तथा रोजगारमुलक तालिम कार्यक्रम (३०७०१९०१३) | ३४,९९,२२७। ( ९९।९८ %) | १००% | |
| 2.उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय (३०७०१०१२३) | १,११,२०,११३। (८१।५२ %) | १०० % | |
| 3. उद्यम बिकास तथा प्रर्वद्धन कार्यक्रम (३०७०१९०२३) | १,५०,०००। (१००%) | १००% | |
| 4.उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय (३०७०१०१२४) | २०,३५,०५१। ( ९५।१%) | १०० % | |

**१३ आ ब २०८२।०८३ को राजस्व आम्दानी विवरण :**

| क्रस | बिवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | २०८२ साल श्रावण महिना | १,१०,९००। | |
| २ | २०८२ साल भाद्र महिना | १,०३,६७५। | |
| ३ | २०८२ साल आश्बिन महिना | ७४,८५०। | |
| ४ | २०८२ साल कार्तिक महिना | १,४८,४५०। | |
| ५ | २०८२ साल मंसिर महिना | १,०८,५२५। | |
| ६ | २०८२ साल पौष महिना | १,१८,३००। | |
| ७ | २०८२ साल माघ महिना | ६५,६००। | |
| ८ | २०८२ साल फागुन महिना | ५३,३००। | |
| ९ | २०८२ साल चैत्र महिना | १,७३,००७। | |
| १० | **२०८३ साल बैसाख महिना** | १,२६,४५९। | |

| | | | |
|---|---|---|---|
| ११ | २०८३ साल जेष्ठ महिना | १,५८,४२०। | |
| १२ | २०८३ साल असार महिना | ४,१०,९९८। | |
| | **जम्मा** | **१६५२४८४।** | |

## १४ आ ब २०८२।०८३ का बर्षिक कार्यक्रमहरु

| **क्रस** | **कार्यक्रम** | **लक्ष्य** | **प्रगति** | **कैफियत** |
|---|---|---|---|---|
| १ | प्रबिधि र बजार मागमा आधारित सिप बिकास तालिम | १०० जना | १०० जना | |
| २ | स्थानिय कच्चा पदार्थमा आधारित सिप बिकास तालिम | ४० जना | ४० जना | |
| ३ | बजार अनुगमन | ११ वटा | ११ वटा | |
| ४ | उपभोक्ता हित सम्बन्धी सचेतनामुलक कार्यक्रम | १ वटा | १ वटा | |
| ५ | उपभोक्ता हित दिवस | १ वटा | १ वटा | |
| ६ | उद्योग दिवस | १ वटा | १ वटा | |
| ७ | मेला महोत्सब प्रर्वद्धन कार्यक्रम | १ पटक | १ पटक | |
| ८ | जिल्ला उद्योग प्रर्वद्धन समिति बैठक | १ वटा | १ वटा | |
| ९ | मुल्यांकन समिति बैठक | १ वटा | १ वटा | |
| १० | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १००% | १००% | |

## १५ आ ब २०८२।०८३ मा संचालित सिप बिकास तालिम कार्यक्रमको बिवरण

| **क्रस** | **तालिमको नाम** | **स्थान** | **लाभान्बित** | **कैफियत** |
|---|---|---|---|---|
| १ | हातेहोजियारी सिप बिकास तालिम | नारायण न पा १ कारागार कार्यालय दैलेख | १६ जना | सम्पन्न |
| २ | चप्पल बनाउने सिप बिकास तालिम | भैरबी गाउँपालीका ४ र ५ दैलेख | १० जना | सम्पन्न |
| ३ | ड्राइभिग सिप बिकास तालिम | डुगेश्वर गाउँपालीका दैलेख | १० जना | सम्पन्न |
| ४ | ड्राइभिग सिप बिकास तालिम | भगवतीमाई गाउँपालीका देलेख | १० जना | सम्पन्न |
| ५ | बासँका सामग्री बनाउने सिप | महाँबु गाउँपालीका दैलेख | १० जना | सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| | बकास तालिम | | | |
| ६ | बासँका सामग्री बनाउने सिप बकास तालिम | नौमुले गाउँपालीका दैलेख | १० जना | सम्पन्न |
| ७ | बासँका सामग्री बनाउने सिप बकास तालिम | ठाटीकाँध गाउँपालीका दैलेख | १० जना | सम्पन्न |
| ८ | हाउसवाईरीगं सिप बकास तालिम | आठबिस नगरपालीका दैलेख | १० जना | सम्पन्न |
| ९ | मसला बनाउने सिप बकास तालिम | चामुण्डाबिन्द्रासैनी न पा | १० जना | सम्पन्न |
| १० | सिप बिकास तालिम | दुल्लु न पा १२ देलेख | १० जना | सम्पन्न |
| ११ | चप्पल बनाउने सिप बिकास तालिम | दुल्लु न पा ७ | १० जना | सम्पन्न |
| १२ | ब्युटीपार्लर सिप बकास तालिम | नारायण न पा ६ | १३ जना | सम्पन्न |
| १३ | सर्वोत्तम पिठो बनाउने सिप बिकास तालिम | गुराँस गाउँपालीका दैलेख | १२ जना | सम्पन्न |
| १४ | फर्निचरका सामान बनाउने सिप बिकास तालिम | भगवतीमाई गा पा २ दैलेख | १२ जना | सम्पन्न |
| १५ | आधारभुत ब्युटीपार्लर सिप बिकास तालिम | नारायण न पा ६ दैलेख | ११ जना | सम्पन्न |
| १६ | क्रिष्टलका सामान बनाउने सिप बिकास तालिम | आठबिस न पा ४ दैलेख | १२ जना | सम्पन्न |
| १७ | जुत्ता चप्पल बनाउने सिप बिकास तालिम | महाँबु गा पा २ दैलेख | १२ जना | सम्पन्न |
| १८ | पञ्चेबाजा बाद्यबादन सिप बिकास तालिम | ना न पा ६ दैलेख | १३ जना | सम्पन्न |
| | जम्मा | | २०० जना | |

## १६ मुख्यमन्त्री दलित आयआर्जन मा सामग्री तथा पुर्वाधार सहयोग कार्यक्रमका लाभान्बित फर्महरु

| **क्र.सं.** | **फर्मको नाम** | **विल रकम** | **कार्यालयको योगदान ५०प्रतिशत** | **कैफियत** |
|---|---|---|---|---|
| 1 | भिम एण्ड बम टेलरिङ्ड | 19000 | 9500 | |

| | | | | |
|---|---|---|---|---|
| 2 | धुलेक्कवर टेलरिङ्ग सेन्टर | 16000 | 8000 | |
| 3 | छवि टेलरिङ्ग सेन्टर | 19000 | 9500 | |
| 4 | राजन चिया नास्ता पसल | 50983 | 25491.5 | |
| 5 | ओम नमो नम आल्मोनियम स्टील उधोग | 14800 | 7400 | |
| 6 | अन्जली टेलरिङ्ग सेन्टर | 44500 | 22250 | |
| 7 | नेपाल टेलर्स | 54240 | 27120 | |
| 8 | नेपाल राईस एण्ड फलोर मिल | 94500 | 47250 | |
| 9 | नवदुर्गा कृषि तथा पशुपंक्षी फर्म | 35000 | 17500 | |
| 10 | दिदिवहिनि ग्रील उधोग | 20000 | 10000 | |
| 11 | छवि छाला जुत्ता चप्पल उधोग | 25000 | 12500 | |
| 12 | एम.के.फुट वयर | 40000 | 20000 | |
| 13 | न्यू भिम टेलर्स | 44499 | 22249.5 | |
| 14 | हिमाल अर्जुन ग्रील उद्योग | 110000 | 55000 | |
| 15 | के.वि.ग्रारमेन्ट उद्योग | 44500 | 22250 | |
| 16 | विजय पोल्ट्री फर्म | 49946 | 24973 | |
| 17 | चन्द्रा कृषि तथा पशुपंक्षी फर्म | 35000 | 17500 | |
| 18 | महालक्ष्मी ग्रील उद्योग | 94000 | 47000 | |
| 19 | सन्दीप राईस मिल | 129000 | 64500 | |
| 20 | एम.वि.कृषि तथा पशुपक्षी फर्म | 71500 | 35750 | |
| 21 | तरुण मिडिया | 210000 | 105000 | |
| 22 | गोर्खी आधुनिक आरन उद्योग | 259200 | 129600 | |
| 23 | पञ्चकोशी सुकुटी सेन्टर | 94807 | 47403.5 | |
| 24 | आकर्षक पब्लिकेशन प्रा.लि | 117000 | 58500 | |
| 25 | आयुष कृषि तथा पशुपंशी फर्म | 65000 | 32500 | |
| 26 | रुपिसा फर्निचर उद्योग | 120000 | 60000 | |
| 27 | विश्वकर्मा कृषि तथा पशुपंक्षी फर्म | 65000 | 32500 | |
| 28 | धुर्व होटल | 24995 | 12497.5 | |
| 29 | पहरेदार सञ्चार | 179999 | 89999.5 | |
| 30 | लालिगुराँस कृषि तथा पशुपंक्षी फर्म | 35000 | 17500 | |
| 31 | पञ्चकोशी दुर्गा एण्ड सुकुटी सेन्टर | 34996 | 17498 | |
| 32 | सन्दिप एण्ड सम्राट सिलाई कटाई सेन्टर | 100000 | 50000 | |
| 33 | सिह दुध डेरि उद्योग | 35000 | 17500 | |
| 34 | रोशन फर्निचर | 200786 | 99107 | |
| 35 | सुवास कुखुरा तथा पशुपालन फर्म | 327767 | 163883.5 | |

| | | | | |
|---|---|---|---|---|
| 36 | धुलेश्वर फर्निचर उद्योग | 250000 | 125000 | |
| 37 | इश्वर कृषि तथा पशुपंक्षी फर्म | 220000 | 110000 | |
| 38 | ढकाने पन्चेबाजा समुह | 69988 | 34994 | |
| 39 | मष्ठथान पन्चेबाजा समुह | 69993 | 34996.5 | |
| 40 | भवानी पन्चेवाजा समूह | 84991 | 42495.5 | |
| 41 | चवर टोल आरन उद्योग | 71981 | 35990.5 | |
| | **जम्मा** | **3647971** | **1822699.5** | |

**१७ कार्यालयको वेवसाइट तथा सम्पर्क विवरण :**

- **वेवसाइट** :-https://dailekh.oicp.gov.np

- **इमेल ठेगाना** :-csidbdailekh1@gmail.com

- **सम्पर्क नम्वर** :- ०८९-४२०१३६ , ९८५८०३०१३६ , ९८५८०८०१३६

- **फेसबुक पेज** :-उद्योग कार्यालय दैलेख

**१४. सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विषय :**

- २०८२ श्रावण महिना देखि २०८३ साल आषाढ महिनाको मसान्त सम्म यस कार्यालय संग सम्वन्धित कुनै पनि सूचना प्राप्तिका लागि निवेदन पेश नभएको

**१५. कार्यसम्पादन संग सम्वन्धित केहि तस्विरहरु :**

**बजार अनुगमन डुंगेश्वर**


"सिप सिकौं आत्मनिर्भर बनौं"
"मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम"
सामान बनाउने सिप






"सिप सिकौं आत्मनिर्भर बनौं"
प्रविधि र बजार मागमा आधारित सिप विकास कार्यक्रम
आधारभूत ब्यूटिपार्लर सिप विकास तालिम
स्थान:- नारायण नगरपालिका-६, दैलेख
मिति:- २०८२/१२/२१ देखि ०८३/०१/२० गतेसम्म
आयोजक
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
दैलेख